कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

नेपाल रिपब्लिक मिडिया लिमिटेड
Nepal Republic Media Limited

Nepal Republic Media
रजिष्टर्ड/कर्पोरेट कार्यालय : जेडिए कम्प्लेक्स सुन्धारा काठमाण्डौं, नेपाल ।
फोन नं :०१-४२६५१००, फ्याक्स नं. ४२५२२६२
E-mail: info@nagariknews.com |URL: www.nepalrepublicmedia.com

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

आह्वान-पत्र

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु.९६,७५,००,०००/-(अक्षरेपी छ्यानब्बे करोड पचहत्तर लाख रुपैंया मात्र) को ४४.९९२२% ले हुन आउने रु.४३,५३,००,०००/- (अक्षरेपी त्रिचालीस करोड त्रिपन्न लाख रुपैंया मात्र) रकम बराबरको प्रति शेयर रु.१००।- अंकित दरको ४३,५३,००० कित्ता साधारण शेयर मध्ये सर्वसाधारणलाई छुट्टयाएको शेयर मध्येको ४ प्रतिशतले हुन आउने १,७४,१२० कित्ता शेयर कर्मचारीहरु र २,१७,६५० कित्ता (५ प्रतिशत) शेयर सामुहिक लगानी कोषको लागि तथा १० प्रतिशतले हुन आउने ४,३५,३०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागी सुरक्षित गरी बाँकी रहने ३५,२५,९३० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित) को अधिनमा रही निष्काशन गरिनेछ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लि., काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "IRN B+ (Is)" [Single B Plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा उच्च जोखिम (High risk of default regarding timely servicing of financial obligations) रहेको जनाउँदछ। सो रेटिङ्गको वैधता अवधि एक बर्ष रहनेछ। क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको **दफा ग.२२(ट) पृष्ठ नं. ५८** मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : बि.सं. २०७९/०६/३० (ई.सं. २०२२/१०/१६) **रेटिङ्ग बहाल रहने अवधि : बि.सं. २०८०/०६/२५ (ई.सं. २०२३/१०/१२)**

सर्वसाधारणको लागि		बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या :	१० कित्ता	दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या :	५०० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या :	५०० कित्ता

सर्वसाधारणको लागि		बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
निष्काशन खुल्ला मिति :	२०८०/०२/२६ गते	निष्काशन खुल्ला मिति :	२०८०/०१/३१ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८०/०२/३० गते (बैंकिङ्ग समय पश्चात्)	निष्काशन बन्द हुने मिति :	२०८०/०२/१४ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८०/०३/०८ गते (बैंकिङ्ग समय पश्चात्)	दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले	

नेटवर्थ सम्बन्धि विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक	आ.व. ०७९/०८०	आ.व. ०८०/०८१	आ.व. ०८१/०८२
प्रति शेयर नेटवर्थ (रु.)	(९.८१)	९२.६०	८४.४७	८६.१३	९९.७६	१०७.९४	१२०.४१
प्रति शेयर आम्दानी(रु.)	(२४.६०)	(१३.६०)	(१०.४७)	७.२२	१.२२	५.५५	९.६६
संचित नाफा/नोक्सान (रु हजारमा)	(४१४,५७०,२७४)	(४६३,५७६,१३९)	(५१०,८३७,४१७)	(४७२,४१०,७५२)	(४६३,५५८,९२१)	(४०९,९०४,४९१)	(३१६,४४७,७८४)

नेट प्रेजेन्ट भ्यालु (Net Present Value (NPV)) @ 15 %	१०५,१९९,२९८
इन्टर्नल रेट अफ रिटर्न (Internal Rate of Return (IRR))	१७.१५%
लगानी फिर्ता हुने अवधि (Pay Back Period (PBP))	७ वर्ष ४ महिना
डिस्काउन्टमा लगानी फिर्ता अवधि (Discounted Pay Back Period)	१३ वर्ष ६ महिना

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८०/०१/११, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०१/१५,

१. संस्थाको नाम **नेपाल रिपब्लिक मिडिया लिमिटेड (Nepal Republic Media Limited.)**

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ११, जेडिए कम्पलेक्स, सुन्धारा, काठमाण्डौमा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.११, जेडिए कम्पलेक्स, सुन्धारा, काठमाण्डौमा रहेको छ ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः

कम्पनीको स्थापनाकाल देखि हालसम्मको/संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(१) नेपाल रिपब्लिक मिडिया लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०४/२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भएकोमा मिति २०७८/०३/०७ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आइरहेको छ । नेपालको ईतिहासमा २०४६ सालपछि परिवर्तन भएका व्यवस्थाहरुसँगै आमनागरिक पनि समय अनुसार जानकार हुनुपर्दछ भन्ने मान्यताका साथ यस मिडियाका प्रकाशकहरुले निजी मिडिया संचालन गर्ने सोच सहित नेपालमा प्राईभेट क्षेत्रबाट मिडिया संचालन गर्न शुरु गर्नु भएको थियो । लामो समय निजामती सेवाको उच्च तहमा रहि काम गर्नु भएका स्व. हेमराज ज्ञवाली तथा व्यवसायी बिनोदराज ज्ञवाली तथा शोभा ज्ञवाली समेतको नेतृत्वमा नै नेपालमा सशक्त रुपले आम नागरिकको आवाज उठाउन सक्ने बलियो निजी संचारगृहको स्थापना भएको हो । उक्त संचार गृहलाई देशकै अग्रणी संचार गृहको रुपमा स्थापित गरीसकेपछी अझ परिस्कृत रुपमा एउटा फरक धारमा व्यक्तिगत तथा संस्थागत स्वार्थभन्दा माथि उठेर आम नागरिक साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतले समेत भरोसा गर्न योग्य संचार गृह बनाउने उद्देश्यका साथ स्थापना भएको संचार गृह हो नेपाल रिपब्लिक मिडिया । अहिले यो संचार गृह नेपालमा निजी क्षेत्रबाट संचार गृह संचालन गर्ने स्थापना कालका परिकल्पनाकार स्व. हेमराज ज्ञवालीका छोरा बिनोदराज ज्ञवालीको नेतृत्वमा संचालनरत रहेको छ ।

(२) कम्पनीले मिति २०६६/०१/११ देखि नागरिक दैनिक र Republica दैनिक पत्रिकाहरु प्रकाशन गर्न शुरु गरेको हो । प्रकाशनको शुरुवाती दिनदेखि नै देश विकासको मेरुदण्ड रहेको आर्थिक कृयाकलापहरुको सम्पूर्ण जानकारी, योजना र राज्यले प्राथकिमतामा राख्नुपर्ने विषयवस्तुलाई समेटेर समग्र देशको आर्थिक कृयाकलापको प्याकेज समेटिएको ४ पेजको छुट्टै संस्करण नागरिक सँगै दैनिक रुपमा प्रकाशन गर्दै आएको छ । जसले गर्दा आर्थिक प्याकेज सहितको यस संचार गृहको नागरिक दैनिक बजारमा निकै लोकप्रिय रहन सफल भएको छ । अहिले यस मिडियाले समय समयमा निकाल्दै आएको नयाँ नयाँ शैलीका विषयवस्तुलाई क्रमशः अन्य मिडियाहरुले समेत पछ्याउँदै आएको कारणले यस संचार गृहको पत्रकारिताको धार स्थापित हुन पुगेको छ । जस्तै साहित्यमा रुची राख्ने पाठकहरुको लागि तयार गरिएको परिशिष्टाङ्क "अक्षर", विश्वबजारमा समय समयमा भएका परिवर्तन अनुसारको जीवनशैली पछ्याउने पाठकहरुको लागि तयार गरिएको परिशिष्टाङ्क "जिवनशैली", बालबालीकाको रुची अनुसारका सामाग्रीहरु समेटेर तयार गरिएको परिशिष्टाङ्क "जुनकीरी", नेपालको पर्यटन बजार र संभाव्यतालाई विश्लेषण गरिएको जानकारी मुलक परिशिष्टाङ्क "घुमफीर" जस्ता पाठ्यसामाग्रीहरु नेपाली आम पाठकहरुको बीचमा निकै लोकप्रिय सावित भएका छन् । यसैगरी आधुनिक समाजमा छापा पत्रकारितासँगै डिजिटल पत्रकारिताको पनि उत्तिकै महत्व छ भन्ने बुझेर डिजिटल प्रविधिलाई पनि संगसंगै अगाडि ल्याएको हो, जस्ले नेपाली पत्रकारिता क्षेत्रको अग्रिणी स्वरुपमा नेतृत्व गर्दै आईरहेको संस्था हो नेपाल रिपब्लिक मिडिया भन्ने प्रमाणित भैसकेको छ ।

(३) यस संचार गृहले नेपाली पत्रकारिताको क्षेत्रमा सधै पाठकहरुको चाहाना अनुरुपको प्रकाशनहरु पाठकहरु समक्ष पुऱ्याउनुपर्छ भन्ने मान्यता राख्दै आम पाठकको पहुँच राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका पत्रपत्रिकामा सहजै पुगोस भन्ने उद्देश्यका साथ मिति २०६८/०४/०४ देखि नेपालमा अन्तराष्ट्रिय दैनिक पत्रिका The New York Times को International Edition को नियमित प्रकाशन तथा बिक्री वितरण गर्दै आईरहेको छ । यस मिडियाले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा कमाएको विश्वसनियता र निस्वार्थ, निष्पक्ष पत्रकारिता सहित आमनागरिकको सेवामा समर्पित भएर लगानी गरेका प्रकाशकको भरोसा र विश्वासयोग्य कदमको कारणले गर्दा नै अन्तराष्ट्रिय क्षेत्रमा निकै नाम कमाउन सफल यस्ता पत्रिकाहरुले नेपाल रिपब्लिक मिडियासंग सहकार्य गरी प्रकाशन र बिक्री वितरणको जिम्मेवारी दिई कार्य गर्न तत्पर हुनुले पनि यस संचार गृह आफैमा सफल रहेको पुष्टि गर्दछ ।

(४) करीब १४ वर्ष देखि शुरु भएको नागरिक नेपाली दैनिक तथा रिपब्लिका अंग्रेजी दैनिकहरुले जुन उचाई हासिल गरी पाठकहरुको विश्वास जितेको छ, त्यस कुराले कम्पनीलाई नेपाली पत्रकारिता जगतमा एक सफल र निपक्ष पत्रिकारिताको लागि समर्पित प्रकाशन गृहको रुपमा स्थापित गर्न सफल भएको छ । यसरी सफलता हासिल गर्ने क्रममा कम्पनीले शुक्रबार, नामको थप साप्ताहिक मनोरञ्जनात्मक पत्रिका तथा परिवार नामको मासिक म्यागजिन समेत प्रकाशनमा ल्याईसकेको छ ।

(५) कम्पनीका प्रकाशनहरु शुरु गर्दाको अवस्थामा नै स्थानिय ललितपुर इमाडोलमा आफ्नै एक अत्याधुनिक छापाखाना (प्रेस) स्थापना गरी प्रकाशन कार्य शुरु गरेको केहि वर्ष भित्र नै यस कम्पनीले आफ्नो क्षेत्रिय छापाखाना सहितको कार्यालय स्थापना गरी बिराटनगर, नेपालगञ्ज, बुटवल र पोखराबाट समेत आफ्ना प्रकाशनहरु प्रकाशन गरी स्थानिय संस्करण सहितको नेपालकै सबैभन्दा ठूलो आफ्नै प्रेस नेटवर्क भएको मिडिया हाउसको रुपमा स्थापित गरिसकेको छ ।

(६) कम्पनीले राष्ट्रिय स्तरमा कायम रहेको केन्द्रिकत पत्रकारितालाई बिस्तारै मोसफलसम्म बिस्तार गर्ने नीति अनुरुप सबैको चाहना र भावनालाई प्रतिविम्वित गर्दै आमनागरिकहरुको सूचनाको अधिकारलाई यथोचित सम्मान र प्राथमिकता दिदै फरकधारमा सामाजिक जिम्मेवारीताका साथ पत्रकारिता गर्ने प्रयास गरेकोमा छोटो समयमा नै उक्त धारलाई स्थापित गर्न सफल भएको छ, जस अन्तर्गत देशको संघियताको मर्म अनुसार प्रादेशिक संरचनामा जाने तयारी भईरहँदा पत्रकारिता पनि सोहि अनुसारको संरचनामा जानुपर्दछ भन्ने हेतुका साथ नेपालगंज, बिराटनगर तथा पोखराबाट पूर्वेली तथा पश्चिमेली नामका क्षेत्रिय संस्करणहरुको समेत प्रकाशन शुरु गर्नुले कम्पनी वास्तवमा जिम्मेवार पत्रकारिता सहित मोफसलमा विकेन्द्रित प्रादेशिक तथा स्थानिय आर्थिक तथा व्यवसायिक अवसरहरुलाई समेत कम्पनीको तर्फबाट व्यवसायिक मूलधारमा संलग्न गराई स्थानिय स्तरमा ठूलो बजार हिस्सामा पकड जमाउन सफल रहनुले कम्पनीको व्यवसायिक दुरदर्शिता पुष्टि गर्दछ ।

कम्पनीको संचालनमा रहेका शाखा संजाल निम्न बमोजिम छन् :

क्र.सं	शाखा कार्यालयको नाम	शाखा कार्यालय रहेको स्थान
१.	प्रधान कार्यालय	काठमाडौ महानगरपालिका ,वडा नं.११ जे.डि.ए कम्प्लेक्स, वागदरवार, सुन्धारा , काठमाडौ
२.	काठमाडौ प्रेस तथा शाखा कार्यालय	महालक्ष्मी नगरपालिका वडा नं.१९ ईमाडोल, ललितपुर ।
३.	बिराटनगर शाखा कार्यालय	बिराटनगर महानगरपालीका वडा नं. ४ खार्जी
४.	नेपालगंज प्रेस तथा शाखा कार्यालय	नेपालगंज उपमहानगरपालीका वडा नं. १८ कारकाँदो
५.	पोखरा प्रेस तथा शाखा कार्यालय	पोखरा महानगरपालीका वडा नं.७ अन्नपुर्णमार्ग, एयरपोर्ट ।
६.	बुटवल शाखा कार्यालय	बुटवल उपमहानगरपालीका वडा नं. ८ बुटवल ।
७.	चितवन शाखा कार्यालय	भरतपुर महानगरपालीका वडा नं.१० पारस बसपार्क चोक ।

नेट प्रेजेन्ट भ्यालुको गणना तालिका :

आर्थिक वर्ष	लगानी	खुद नाफा	ह्रास कट्टी, ब्याज र परिशोधन	नगद प्रवाह	पिभि फ्याक्टर (१५%)	पिभि
२०७८।७९	(८२९,८९४,९०८)			(८२९,८९४,९०८)	१।०००	(८२९,८९४,९०८)
२०७९।८०	(७१,५००,०००)	६,५१७,०६१	७४,९५२,८४०	८,८६९,९०१	०।८७०	७,७१२,९५७
२०८०।८१	(४३५,३००,०००)	५३,६५४,४३०	३९,६७५,४५३	(३४१,९७०,११७)	०।७५६	(२५८,५७८,५३८)
२०८१।८२		९३,४५६,७०७	३६,३१०,६१३	१२९,७६७,३२०	०।६५८	८५,३२४,११९
२०८२।८३		१६०,३८०,०६२	४०,८२५,८७८	२०१,२०५,९३९	०।५७२	११५,०४०,१४९
२०८३।८४		१९३,४८४,५८८	३१,५८४,४२२	२२५,०६९,००९	०।४९७	१११,८९९,०७५
टर्मिनल भ्यालु (Terminal Value)				२,०२०,९१२,९६५	०।४३२	८७३,६९६,४४४
खुद वर्तमान मुल्य						१०५,१९९,२९८
साधारण लगानी फिर्ता अवधि						७.३२ वर्ष
डिस्काउन्टमा लगानी फिर्ता अवधि						१३.४२ वर्ष
इन्टर्नल रेट अफ रिटर्न						१७.१५%

NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

क) नेपाली, अंग्रेजी लगायत विभिन्न भाषामा विभिन्न किसिमका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक तथा विद्युतिय माध्यमबाट अनलाईन पत्रपत्रिकाहरु प्रकाशन, प्रसारण गर्नुका साथै पत्रपत्रिकाहरु तथा पुस्तक पुस्तिकाहरु अन्य स्थानिय तथा चलन चल्तीका विभिन्न भाषाहरुमा प्रकाशन गरी बिक्री वितरण समेत गर्ने गराउने ।
ख) पत्रपत्रिका प्रकाशनका लागी आवश्यकतानुसार विभिन्न संघ संस्थाहरु तथा आफ्नै तर्फबाट समेत समाचार तथा अन्य प्रकाशन सामाग्रीहरु संकलन गरी प्रकाशन गर्ने गराउने ।
ग) विभिन्न व्यक्तिहरुले लेख्नु भएको लेख रचना तथा पुस्तक आदिको प्रकाशक भई छपाई गरी बिक्री वितरण गर्ने र विभिन्न खोज तथा अनुसन्धानमूलक पत्रपत्रिका आदिको प्रकाशन तथा वितरणको कार्य गर्ने गराउने ।
घ) पुस्तक, पत्रपत्रिका एवं अन्य मुद्रण सम्बन्धी काम गर्नका लागि विभिन्न किसिमका छापाखानाहरु राखि छपाई तथा ब्याण्डिङ्ग आदि कार्यहरु लगायत आवश्यकतानुसार सादा तथा रंगीन छपाई गर्ने छापाखाना प्रेस संचालन र छापाखाना सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउने ।
ङ) कम्पनीका प्रकाशनहरु ग्राहक वर्गसम्म पुऱ्याउनका लागि आवश्यकतानुसार सम्बन्धित निकायहरुबाट स्वीकृति लिई नेपाल भरी विभिन्न ठाँउहरुमा आफ्नै छापाखाना राख्ने वा अन्य छापाखाना वहालमा लिई सेवा प्रदान गर्ने गराउने ।
च) संचार तथा पत्रकारिता क्षेत्रमा दक्ष जनशक्ति तयार गर्नका लागि विशेष प्रकृतिका विषयगत तालिम, सेमिनार, गोष्ठीहरु आवश्यकतानुसार संचालन गर्ने गराउने र विदेशमा भाग लिने ।
छ) कम्पनीलाई पत्रपत्रिका तथा अन्य प्रकाशनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, मेशिनरी कागज आदि स्वदेश तथा विदेश समेतबाट आयातगरी आवश्यक खरिद बिक्री गर्ने गराउने ।
ज) कम्पनीको आफ्नो प्रकाशनको लागि समाचार संकलन एंव बजार व्यवस्था गर्नका लागि आवश्यक स्वीकृति लिई स्वादेश तथा विदेशमा शाखा, उपशाखाहरु खोलि कार्य गर्ने गराउने ।
झ) विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुद्वारा लिखित लेख, रचना, पुस्तकहरु तथा विदेशी प्रकाशकहरुले प्रकाशन गरेको पुस्तकहरु नेपालको लागि प्रकाशक तथा वितरक भई प्रकाशन (Publication) तथा वितरण (Distribution) सम्बन्धी व्यावसाय गर्ने गराउने ।
ञ) स्वदेशी तथा विदेशी प्रकाशनका पुस्तकहरु खरिद बिक्री गर्ने गराउने र त्यस्ता पुस्तकहरुको वितरणको कार्य गर्ने गराउने ।
ट) विभिन्न स्टेशनरीका सामानहरुको छपाई, उत्पादन, खरिदबिक्री गरी वितरण समेत गर्ने गराउने ।
ठ) प्रकाशन व्यावसायसंग सम्बन्धी सम्पादन (Editing), लेखन (Writing), अनुदान (Translation), फोटोग्राफी (Photography) लगायतका छपाई सम्बन्धी कार्यहरु गर्ने गराउने ।
ड) विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग आवश्यक सम्पर्क/सम्झौता गरी प्रकाशन छपाई सम्बन्धी कार्यहरु गर्नका लागि व्यवसायिक रुपमा नियमित प्रकाशन (Publication) तथा वितरण (Distribution) एजेन्ट भई कार्य गर्ने गराउने ।
ढ) प्रकाशन सम्बन्धी कायको लागि आवश्यक पर्ने कम्प्यूटर, टाईप सेटिङ्ग, वाईण्डिङ्ग, लगायतको सेवा तथा स्टयाम्प, लोगो आदि निर्माण विकास समेतको कार्य गर्ने गराउने ।
ण) कम्पनीको उद्देश्य अनुरुप कार्य गर्न, आवश्यकता अनुसार विभिन्न विज्ञापनजन्य कार्य गर्नुका साथै छपाई तथा प्रकाशन सम्बन्धी कार्यका लागि प्रिटिङ्ग सर्पोट सेन्टरको रुपमा कम्पनीलाई विकास गरी आवश्यक खरिद बिक्री सम्बन्धी कार्य समेत गर्ने गराउने ।

६. पूँजी संरचना सम्बन्धी जानकारी

अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरणः

- **अधिकृत पूँजी (Authorised Capital):** कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००।- (अक्षरेपी एक अर्ब रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,००,००,००० (एक करोड) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।
- **जारी पूँजी (Issued Capital)**: कम्पनीको जारी पूँजी रु.९६,७५,००,०००/- (अक्षरेपी छयानब्बे करोड पचहत्तर लाख रुपैयाँ) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ९६,७५,००० (छयानब्बे लाख पचहत्तर हजार) थान शेयरमा बिभाजन गरिएको छ ।
- **चुक्ता पूँजी (Paid up Capital)**: कम्पनीले आफ्नो जारी पूँजी मध्ये रु.५३,२२,००,०००।- (अक्षरेपी त्रिपन्न करोड बाइस लाख रुपैयाँ) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकी रु.४३,५३,००,०००।- (अक्षरेपी त्रिचालीस करोड त्रिपन्न लाख रुपैयाँ) बराबरको ४३,५३,००० (त्रिचालीस लाख त्रिपन्न हजार) कित्ता शेयर सर्वसाधारण (सामुहिक लगानी कोष, कर्मचारीहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरु समेत) मा सार्वजनिक निष्काशनद्वारा जारी गरिनेछ । सर्वसाधारण र सामूहिक लगानी कोष, कर्मचारीहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरु समेतका लागि छुट्टाइएको रु.४३,५३,००,०००।- (अक्षरेपी त्रिचालीस करोड त्रिपन्न लाख रुपैयाँ) बराबरको रु.१००।- अंकित दरको ४३,५३,००० (त्रिचालीस लाख त्रिपन्न हजार) कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.९६,७५,००,०००/- (अक्षरेपी छयानब्बे करोड पचहत्तर लाख रुपैयाँ) हुनेछ ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्नबमोजिम परिवर्तन भएको छ :

सि.नं.	आर्थिक वर्ष	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु)	चुक्ता पूँजी (रु)
१.	२०७७/७८	रु.५०,००,००,०००/-	रु.५०,००,००,०००/-	रु.३६,०४,००,०००/-
२.	२०७८/७९	रु.५०,००,००,०००/-	रु.५०,००,००,०००/-	रु.४६,०४,००,०००/-
३.	२०७९/८०	रु.१,००,००,००,०००/-	रु.८३,२२,००,०००/-	रु.५३,२२,००,०००/-

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहनेछ :

क्र.सं.	विवरण	शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी विवरण
१	संस्थापक शेयरधनी	५३,२२,०००	५३,२२,००,०००।-	५५.००७८%	शतप्रतिशत
२	सर्वसाधारण शेयरधनी (सामुहिक लगानी कोष तथा कर्मचारीहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरु समेत)	४३,५३,०००	४३,५३,००,०००।-	४४.९९२२%	यस विवरणपत्र मार्फत शेयर निष्काशन पश्चात्
	जम्मा	**९६,७५,०००**	**९६,७५,००,०००**	**१००%**	**निष्काशन पश्चात् शतप्रतिशत रकम भुक्तानी हुने**

८. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार कम्तीमा १ (एक) जना महिला सहित ५ (पाँच) जनाको सञ्चालक समिति हुनेछ जसमा ३ जना संस्थापक शेयरधनीहरुबाट, १ (एक) जना स्वतन्त्र सञ्चालक तथा १ (एक) जना सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधि रहनेछन् । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

विवरण	संख्या
संस्थापक समूहबाट	३ जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट	१ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**५ जना**

नोट : कम्पनीको सर्वसाधारण शेयरधनी समूहको शेयर निष्काशन तथा बाँडफाँड सम्पन्न भए पश्चात् कानुन बमोजिम संचालक समितिमा माथि उल्लेख गरिए अनुसार प्रतिनिधित्व रहने गरि संचालक समितिको गठन गरिनेछ ।
सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।
कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

९. आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव

आधारभुत शेयरधनीको विवरण

सि.नं.	नाम, पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शेयर स्वामित्व (चुक्ता पूँजीमा प्रतिशत)	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	बिनोदराज ज्ञवाली (अध्यक्ष)	५९	नेपाली	का.जि.का.म.न.पा. वडा नं. ६ बौद्ध महाँकाल	५२,२७,०००	९८.२१%	बि.ए. मानविकी	लगभग ४ दशकसम्मको मिडिया क्षेत्रसँग सम्बन्धित अनुभव रहेको ।
२	शोभा ज्ञवाली (कार्यकारी सञ्चालक)	५५	नेपाली	का.जि.का.म.न.पा. वडा नं. ६ बौद्ध महाँकाल	९०,०००	१.७२%	एम.ए	लगभग ३ दशकसम्मको मिडिया क्षेत्रसँग सम्बन्धित अनुभव रहेको ।

सञ्चालकहरुको विवरण :

सि.नं	नाम, पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शेयर स्वामित्व (चुक्ता पूँजीमा प्रतिशत)	शैक्षिक योग्यता	अनुभव -पूर्व र हाल कार्यरत)
१.	बिनोदराज ज्ञवाली (अध्यक्ष)	५९	नेपाली	का.जि.का.म.न.पा. वडा नं. ६ बौद्ध महाँकाल	५२,२७,०००	९८.२१%	बि.ए. मानविकी	लगभग ४ दशकसम्मको मिडिया क्षेत्रसँग सम्बन्धित अनुभव रहेको ।
२.	शोभा ज्ञवाली (कार्यकारी सञ्चालक)	५५	नेपाली	का.जि.का.म.न.पा. वडा नं. ६ बौद्ध महाँकाल	९०,०००	१.७२%	एम.ए	लगभग ३ दशकसम्मको मिडिया क्षेत्रसँग सम्बन्धित अनुभव रहेको ।
३.	अन्जनकुमार ब्राहाल (सञ्चालक, आधिकारीक प्रतिनिधि शुभारम्भ होल्डिङ्ग्स प्रा.लि.)	५०	नेपाली	का.जि.का.म.न.पा. वडा नं. ९ सिनामंगल, गैरिगाँउ	प्रतिनिधि शुभारम्भ होल्डिङ्ग्स प्रा.लि		स्नातकोत्तर-कानुन, समाजशास्त्र र राजनीति विज्ञानमा	कर्पोरेट कानुन सम्बन्धित अनुभव २७ वर्ष भन्दा बढि रहेको
४.	रोमनाथ घिमिरे (स्वतन्त्र सञ्चालक)	६३	नेपाली	का.जि.का.म.न.पा. वडा नं. १० बानेश्वर	–	–	स्नातकोत्तर अन्तर्राष्ट्रिय मार्केटिङ्ग	१५ वर्ष भन्दा बढी मिडिया क्षेत्र तथा अन्य व्यवसायमा संलग्न रही कार्यसँग सम्बन्धित अनुभव रहेको ।

यस कम्पनीका संचालकहरु अन्य समान उद्देश्य भएको कम्पनीको संचालकमा नरहेको व्यहोरा जानकारी गर्दछौं ।

१०. धितोपत्र जारी गर्नुको उद्देश्य

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.९६,७५,००,०००।-(अक्षरेपी छयानब्बे करोड पचहत्तर लाख रुपैयाँ) को ४४.९९२२ प्रतिशत शेयर अर्थात रु.४३,५३,००,०००।- (अक्षरेपी त्रिचालीस करोड त्रिपन्न लाख) बराबरको रु.१००।-अंकित दरको ४३,५३,००० (त्रिचालीस लाख त्रिपन्न हजार) कित्ता साधारण शेयर यो विवरणपत्र मार्फत धितोपत्र निष्काशन गर्न लागिएको हो । सर्वसाधारणमा शेयर जारी गरी संगठित संस्थामा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न लागिएको हो ।

११. सिमित दायित्व सम्बन्धी विवरण

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

१२. सकारात्मक पक्षहरु

१) मिडिया क्षेत्रमा करिव ४ दशक वर्षसम्म प्रकाशक रही आफुले स्थापना गरेको मिडियालाई देशकै अग्रणी मिडिया हाउसको रुपमा विकाश गर्दै आएका अनुभवी नेपाल सरकारको उच्च तहमा रही काम गर्नुभएका पूर्व प्रकाशक श्री हेमराज ज्ञवाली र वहाँको छोरा श्री बिनोदराज ज्ञवालीबाट स्थापीत मिडिया भएको तथा यहाँ कार्यरत पत्रकार तथा कर्मचारीहरु बिसौंबर्ष यही क्षेत्रमा कार्यरत दक्ष अनुभवी र योग्य जनशक्ति भएकोले यस संस्थाको व्यवस्थापन् सक्षम तथा प्रभावकारी भएको छ ।
२) यो मिडियाले शुरु गरेका विभिन्न संस्करण तथा सामाग्रीहरु नेपाली पत्रकारीता जगतमा नित्यान्तै नौलो र पठनिय हुँदै आइरहेको छ । यसबाट नेपालका अन्य मिडियाहरुले समेत पाठ सिकी हाम्रै उद्देश्य अनुसार नक्कल गरीरहेकोले अन्य मिडियाहरुको लागी समेत यो एक महत्वपूर्ण मिडिया साबित भएको छ । नेपाली पत्रकारिताको क्षेत्रमा पाठकहरुको चाहना अनुरुपका प्रकाशन राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नियमित प्रकाशन तथा बिक्री वितरण गर्दै आइरहेका पक्ष हाम्रो लागि सकारात्मक पक्ष हो ।
३) देशमा भएका महत्वपूर्ण सकारात्मक परिवर्तन सँगै राज्य संचालनमा पारदर्शिता, निश्पक्षता र निति निर्माणमा जनचासोको पहुँच सहज रुपमा पुराउनको लागि यो मिडिया एक महत्वपूर्ण र भरपर्दो माध्यम बनेको छ । मिडिया जगतमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त प्रणालीको विकास गर्न सकेको ।
४) आर्थिक, राजनीतिक र प्रतिष्पर्धी मिडिया व्यवसाय सुहाउँदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेकोछ ।
५) नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासनको पक्षमा सधै शसक्त ढंगले कलम चलाउँदै आएको छ ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण तथा आगामी तीन वर्षको वासलात, नाफा नोक्सान, नगद प्रवाह विवरण सहितको संक्षिप्त वित्तीय विवरण:

वासलात रकम रु.

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित (रु.हजारमा)		
	आ.व २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व २०७९/०८० तेस्रो त्रैमास	आ.ब. २०७९/८०	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२
सम्पत्ति							
स्थीर सम्पत्ति							
सम्पत्ति, प्लाण्ट तथा मेसिनरी	२६०,३७१,५८१	५६७,५७६,११३	६०२,२२४,०३७	५२७,००८,१४६	६४०,७७४,८१६	७७६,९६३,७७१	८८६,४५४,९९०
सम्पत्तिमा लगानी (Investment Property)	१,३००,०००	१,३००,०००	१,३००,०००	१,३००,०००	१,३००,०००	१,३००,०००	१,३००,०००
अमूर्त सम्पत्ति	५०६,१४०	४,२४७,११५	१,९९६,२५०	१,५५२,०५६	१,५१७,०००	१,२७७,६००	१,०२२,०८०
अमूर्त सम्पत्ति - कार्य प्रगती (Intangible Asset Work In Progress)	२,०४०,०००	–	–	–			
सम्पत्ति प्रयोग गर्ने अधिकार (NFRS 16)	२,३९४,६३०	१,७९३,९९७	३२,५७०,२७६	२६,३८८,७६४	२४,३२८,२५९	१६,०८६,२४३	७,८४४,२२७
स्थगन कर सम्पत्ति	१५,४९६,०८७	२०,१४०,४४७	२९,६५६,८९६	२९,६५६,८९६	२७,४८४,५४२	९,५९९,७३२	–
अन्य स्थीर सम्पत्ति	१,००१,५९८	१,००१,५९८	१,००१,५९८	१,००१,५९८	१,००१,५९८	१,००१,५९८	१,००१,५९८
सहायक / सम्बद्ध कम्पनीमा लगानी					–	६०,०००,०००	९०,०००,०००
कुल स्थीर सम्पत्ति	**२८३,११०,३३५**	**५९६,०५९,५७०**	**६६८,७४९,३५७**	**५८६,९०७,७६०**	**६९६,४८६,५१५**	**८६६,२२९,२४३**	**९८७,६२३,११५**
चालु सम्पत्ति							
मौज्दात (Inventory)	६९,७२९,३६९	६९,६३१,३१८	७१,८१०,०९४	६४,९९४,००१	७६,६२६,७६३	८६,४०१,८५९	९३,९२०,४०८
व्यापार तथा अन्य प्राप्तीहरु/आसामीहरु	३६४,००७,४५५	३८३,१३५,००५	३१६,५८९,७४८	३७५,२०२,११८	२९८,५११,९२३	२९१,५६६,२६९	२९४,९२१,५७६
नगद वा सो सरह	५७,८८५,३७७	४९,७९९,२८०	२,४२३,०८५	३,४०७,३३७	७,३७६,५५३	१०,०६७,९८१	६,६३७,२९३
कुल चालु सम्पत्ति	**४९१,६२२,२०१**	**५०२,५६५,६०३**	**३९०,८२२,९२७**	**४४३,६०४,२५६**	**३८२,५१५,२३९**	**३८८,०३६,१०८**	**३९५,४७९,२७७**
कुल सम्पत्ति	**७७४,७३२,५३६**	**१,०९८,६२५,१७३**	**१,०५९,५७२,२८४**	**१,०३०,५१२,०१६**	**१,०७९,००१,७५४**	**१,२५४,२६५,३५१**	**१,३८३,१०२,४७२**
पूँजी तथा दायित्व							
पूँजी							
शेयर पूँजी	२७५,१००,०००	३६०,४००,०००	४६०,४००,०००	५३२,२००,०००	५३२,२००,०००	९६७,५००,०००	९६७,५००,०००
शेयर पूँजीको लागी अग्रिम (Advance for Share Capital)	८६,७७८,४१४	१६,८७८,४१४	७१,८७८,४१४	–	–	–	–
जगेडा कोष तथा सञ्चिती	(४१४,५७०,२७४)	(४६३,५७६,१३९)	(५१०,८३७,४१७)	(४७२,४१०,७५२)	(४६३,५५८,९२१)	(४०९,९०४,४९१)	(३१६,४४७,७८४)
अन्य पूँजी	११२,४७८,३९१	४३६,९०२,६७६	४३९,३५०,३५८	३९८,५८८,९२२	४६२,२९८,४९९	४८६,७६३,२९९	५१३,९५१,३३९
कुल पूँजी	**५९,७८६,५३०**	**३५०,६०४,९५१**	**४६०,७९१,३५४**	**४५८,३७८,१६९**	**५३०,९३९,५७८**	**१,०४४,३५८,८०८**	**१,१६५,००३,५५५**
स्थीर दायित्व							
दीर्घकालीन ऋण	७८,१७०,३८८	७०,८५४,१६१	५८,११६,१८८	६४,६३२,५५०	५८,११६,१८८	२०,८४९,६०७	२०,८४९,६०७
लिज दायित्व	२,१४५,५२६	१,५९५,३८६	२६,९८०,१५७	२५,६९८,९८६	१८,७५६,०८४	९,६२८,०४२	–
व्यवस्था रकमहरु	–	–	–	–	–	–	–
अन्य स्थीर दायित्व	१४,३०७,३९९	१५,९२४,९७६	१५,११६,०३५	१४,४४१,२३५	१४,२४२,४१४	१४,५२७,२६२	१४,८१७,८०८
कुल स्थीर दायित्व	**९४,६२३,३१३**	**८८,३७४,५२३**	**१०१,०१२,३७९**	**१०४,७७२,७७१**	**९१,११४,६८६**	**४५,००४,९१२**	**३५,६६७,४१५**
चालु दायित्व							
ट्रेड र अन्य दायित्व	२१०,६७२,२८३	१६३,५०३,८२५	१५५,४००,३७६	१५०,१६६,५८८	१५३,४१९,८६३	१३२,९६८,९९६	७२,७२४,३२५
कर्मचारी लाभ दायित्व	३६,९९४,६१८	२८,३९९,४८३	२४,३१७,४२४	२६,४९५,४३२	२४,००४,८३५	२२,८०४,५१३	२०,०७९,१३५
लिज दायित्व	४६७,५४३	५५०,१४०	७,४७२,०३०	३,२१२,३७३	८,२२४,०७३	९,१२८,०४२	९,६२८,०४२
अल्पकालिन ऋण	३७२,१८८,२५०	४६७,१९२,२५०	३१०,५७८,७२०	२८७,५६६,६८३	२७०,५७८,७२०	–	८०,०००,०००
कुल चालु दायित्व	**६२०,३२२,६९३**	**६५९,६४५,६९९**	**४९७,७६८,५५०**	**४६७,३६१,०७६**	**४५६,२२७,४९०**	**१६४,९०१,६३१**	**१८२,४३१,५०२**
कुल दायित्व	**७१४,९४६,००६**	**७४८,०२०,२२२**	**५९८,७८०,९३०**	**५७२,१३३,८४७**	**५४८,१४२,१७६**	**२०९,९०६,५४३**	**२१८,०९८,९१७**
जम्मा पूँजी तथा दायित्व	**७७४,७३२,५३६**	**१,०९८,६२५,१७३**	**१,०५९,५७२,२८४**	**१,०३०,५१२,०१६**	**१,०७९,००१,७५४**	**१,२५४,२६५,३५१**	**१,३८३,१०२,४७२**

नोट : माथी वासलातमा उल्लेखित अन्य पूँजी अन्तर्गतको रकम पुनर्मूल्यांकन कोष तथा सामाजिक उत्तरदायित्व कोष समेतको रकम रहेको ।

नाफा नोक्सान हिसाब रकम रु.

विवरण	वास्तविक (रु.)			अपरिष्कृत	प्रक्षेपित (रु.)		
	आ.व २०७६/०७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/०८० तेस्रो त्रैमास	आ.ब. २०७९/८०	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२
आम्दानी	२९३,३४२,४४३	१७२,१९२,९७५	२०२,६५०,०८१	१५९,१९६,४१६	३१८,६७४,५३२	३८४,५६९,३०२	४२०,७४३,५६९
बिक्री लागत	१२३,९६३,८८७	४९,४१२,५५८	८५,१५४,२६६	४८,५७५,८८९	१४८,२५०,८६७	१५०,२४६,९५३	१६९,६२६,८७२
कुल आय	**१६९,३७८,५५६**	**१२२,७८०,४१६**	**११७,४९५,८१५**	**११०,६२०,५२७**	**१७०,४२३,६६६**	**२३४,३२२,३४९**	**२५१,११६,६९७**
अन्य आम्दानी	३९४,८३५	५,८७०,२७८	३३७,३६०	४१,१३४,०५१	४,२६४	२,२५०,०००	५,६२५,०००
प्रशासनिक खर्च	११३,२२९,५३५	८८,२६९,७९६	६३,७९४,४९३	३५,८७१,३२३	६०,४२३,१५५	९२,६५४,३४६	७९,६४३,३८१
बिक्री वितरण खर्च	४५,७२७,५८१	२२,७१९,७२३	२८,०६७,४३७	१७,९०२,७७६	२७,९६२,५२०	३२,७०३,३१०	३७,७३१,२६४
अन्य खर्च		–	१२८,३७०	–			
संचालन नाफा/(नोक्सान)	**१०,८१६,२७६**	**१७,६६१,१७६**	**२५,८४२,८७४**	**९७,९८०,४७८**	**८२,८४२,२५४**	**१११,२१४,६९३**	**१३९,३६७,०५२**
वित्तिय शुल्क	४७,४६९,४११	४८,६०९,१५०	५४,९५२,०४४	४०,९१२,९३१	४५,०४७,०७७	१२,८३८,१९१	५,११६,२५७
ह्रासकट्टि	२६,१७३,१६१	२१,९०७,१०३	२८,७९७,०८८	१८,१९६,६८९	२८,७०६,५१४	२६,५१७,८६२	३०,९३८,८३६
परिशोधन	३४०,८०६	७९४,३३७	६१८,८६५	४४४,१९४	३९९,२५०	३१९,४००	२५५,५२०
विदेशी मुद्रा (लाभ)/नोक्सान	(२,८०२)	७८०			–	–	–
कर अधिको नाफा/(नोक्सान)	**(६३,१६४,३००)**	**(५३,६५०,२२६)**	**(५७,७२५,१२२)**	**३८,४२६,६६५**	**८,६६९,४१४**	**७१,५३९,२४१**	**१०३,०५६,४३९**
घट : कर							
चालु कर		–			–	–	–
स्थगन कर आम्दानी/(खर्च)	(४,५०३,९९४)	४,६४४,३६१	९,५१६,४४९	–	(२,१७२,३५४)	(१७,८८४,८१०)	(९,५९९,७३२)
खुद नाफा/(नोक्सान)	**(६७,६६८,२९५)**	**(४९,००५,८६५)**	**(४८,२०८,६७३)**	**३८,४२६,६६५**	**६,५१७,०६१**	**५३,६५४,४३०**	**९३,४५६,७०७**
प्रति शेयर आम्दानी							
अ.ल्या.जगेडा कोष तथा सञ्चिती					(५१०,८३७,४१७)	(४६३,५५८,९२१)	(४०९,९०४,४९०)
आधारभूत प्रति शेयर आम्दानी (खुद नाफा/(हानी)/शेयर पूँजी)	(२४.६०)	(१३.६०)	(१०.४७)	७.२२			
डाइलुटेड प्रति शेयर आम्दानी	(२४.६०)	(१२.९९)	(९.०६)	७.२२			
संचयी नोक्सान					**(४६३,५५८,९२१)**	**(४०९,९०४,४९०)**	**(३१६,४४७,७८३)**
अन्य विस्तृत आम्दानी :							
पुनर्मूल्यांकन अधिशेष मा परिवर्तन		३२४,४२४,२८५	३,३१५,०७७		२२,९४८,१४२	२४,४६४,८००	२७,१८८,०४०
पुर्नमूल्यांकन जग्गामा निपटान					४०,७६१,४३६		
परिभाषित लाभ योजनाहरुको पुनः मापनमा वास्तविक लाभ (हानी)					–	–	–
अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मापन वित्तीय सम्पत्तिमा लाभ र हानी					–	–	–
पुनः वर्गीकरण नगरिने वस्तुहरुसँग सम्बन्धित आयकर					–	–	–
वर्षको अन्य विस्तृत आम्दानी	–	**३२४,४२४,२८५**	**३,३१५,०७७**	–	**२२,९४८,१४२**	**२४,४६४,८००**	**२७,१८८,०४०**
कुल विस्तृत आम्दानी	**(६७,६६८,२९५)**	**२७५,४१८,४२१**	**(४४,८९३,५९६)**	**३८,४२६,६६५**	**२९,४६५,२०२**	**७८,११९,२३०**	**१२०,६४४,७४७**

नगद प्रवाह विवरण रकम रु.

विवरण	वास्तविक (रु.)			अपरिष्कृत	प्रक्षेपित (रु.)		
	आ.व २०७६/०७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/०८० तेस्रो त्रैमास	आ.ब. २०७९/८०	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२
सञ्चालन गतिविधिबाट नगद प्रवाह							
कर अधिको नाफा/(नोक्सान)	**(६३,१६४,३००)**	**(५३,६५०,२२६)**	**(५७,७२५,१२२)**	**३८,४२६,६६५**	**८,६६९,४१४**	**७१,५३९,२४१**	**१०३,०५६,४३९**
समायोजन :							
ह्रासकट्टि र परिशोधन	२६,५१३,९६७	२२,७०१,४४१	२९,४१५,९५२	१८,६४०,८८३	२९,१०५,७६४	२६,८३७,२६२	३१,१९४,३५६
अघिल्लो अवधिको त्रुटि समायोजन					–	–	–
लगानी र बैंक निक्षेपबाट आम्दानी	–	–	–	–	–	–	–
लीज खर्च			(१०,७४०,०८५)	(७,९४१,७३५)	–	–	–
पुनर्मल्याङ्कनमा भएको परिवर्तन					(४०,७६१,४३६)		
सम्पत्ति बिक्रीमा लाभ	(११७,२८१)	(५९५,३२५)	१२८,३७०	(४०,७६१,४३६)	(४,२६४)	–	–
वित्तिय शुल्क	४७,१८६,९४७	४८,३६८,४११	५४,९५२,०४४	४०,९१२,९३१	४५,०४७,०७७	१२,८३८,१९१	५,११६,२५७
कार्यशील पूँजी परिवर्तन अघि नगद प्रवाह	१०,४१९,३३३	१६,८२४,३०१	१५,२३१,१५९	४९,२७७,३०७	४२,०७६,५५४	१११,२१४,६९३	१३९,३६७,०५२
कार्यशील पूँजीमा थप /घट							
मौज्दातमा (थप) /घट	(७,१५७,३३६)	९८,०५१	(२,१७८,७७६)	६,८१६,०९३	(४,८१६,६६८)	(९,७७५,०९६)	(७,५१८,५४९)
अग्रिम, निक्षेप र अन्य प्राप्तिमा (थप) /घट	(८१,०३४,९०३)	(१९,१२७,५५०)	६६,५४५,२५७	(५८,६१३,१७०)	१७,९९७,८२४	७,०२५,६५५	(३,३५५,३०७)
अन्य स्थीर सम्पत्तिमा (थप) /घट	(१,५००)	–	–	–	–	–	–
व्यवस्थाहरुमा थप/(घट)	–	–	–	–	–	–	–
व्यापार तथा अन्य प्राप्तीहरु/आसामीहरुमा थप/(घट)	९३,७००,१२५	(५५,७६३,५९२)	(१२,१८५,५०८)	(५,२३३,७८८)	(१,९८०,५१३)	(२०,४५०,८६७)	(६०,२४४,६७१)
स्थीर दायित्वमा थप/(घट)	(४८८,०३६)	१,६१७,५७७	(८०८,९४१)	(६७४,८००)	(१,१९८,२१०)	(९१५,३९३)	(२,४३४,९१३)
कर्मचारी लाभ दायित्वहरुमा थप/(घट)				२,०९८,००८			
लिज दायित्व मा थप/(घट)	(३८२,१९६)	(४६७,५४३)			(७,४७२,०३०)	(८,२२४,०७३)	(९,१२८,०४२)
आयकर भुक्तान	–	–	–	–	–	–	–
कुल समायोजन	**४,६३६,१५५**	**(७३,६४३,०५७)**	**५१,३७२,०३२**	**(५५,६०७,६५७)**	**२,५४२,४०३**	**(३२,३२९,७७४)**	**(८२,६८१,४८३)**
सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)	**१५,०५५,४८८**	**(५६,८१८,७५५)**	**६६,६०३,१९१**	**(६,३३०,३५०)**	**४४,६१८,९५७**	**७८,८७४,९१९**	**५६,६८५,५७०**
लगानी गतिविधिको नगद प्रवाह							
सम्पत्ति, प्लाण्ट तथा मेसिनरीमा वृद्धि	(६,३८३,३४१)	(१०,७६१,०४१)	(५६,१३१,११९)	(७८,१४२)	–	(१३०,०००,०००)	(१०५,०००,०००)
सम्पत्तिको बिक्रीबाट प्राप्त आय	१९९,११५	४,७७४,३३६	६,०२९,६७६	६३,२७८,८५५	४५,४६०,०००	–	–
लगानीमा (थप)/घट	–	–	–	–	–	(६०,०००,०००)	(३०,०००,०००)
लगानी र बैंक निक्षेपबाट आम्दानी	–	–	–	–	–	–	–
लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)	**(६,१८४,२२६)**	**(५,९८६,७०५)**	**(५०,१०१,४४३)**	**६३,२००,७१३**	**४५,४६०,०००**	**(१९०,०००,०००)**	**(१३५,०००,०००)**
वित्तीय गतिविधिको नगद प्रवाह							
ब्याज भुक्तानी	(४७,१८६,९४७)	(४८,३६८,४११)	(५०,३२६,४४०)	(३८,५१२,०२३)	(४५,०४७,०७७)	(१२,८३८,१९१)	(५,११६,२५७)
पूँजीमा थप/(घट)	–	१५,४००,०००	१५५,०००,०००	(७८,४१४)	(७८,४१४)	४३५,३००,०००	–
उधारोमा थप/(घट)	१०७,३२०,५५०	८७,६८७,७७३	(१६८,५५१,५०३)	(१७,२९५,६७५)	(४०,०००,०००)	(३०८,६४५,३०१)	८०,०००,०००
वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)	**६०,१३३,६०३**	**५४,७१९,३६२**	**(६३,८७७,९४३)**	**(५५,८८६,११२)**	**(८५,१२५,४९०)**	**११३,८१६,५०८**	**७४,८८३,७४३**
खुद नगदमा वृद्धि (क+ख+ग)	**६९,००४,८६५**	**(८,०८६,०९७)**	**(४७,३७६,१९५)**	**९८४,२५२**	**४,९५३,४६७**	**२,६९१,४२८**	**(३,४३०,६८७)**
वर्षको शुरुमा नगद तथा नगद मौज्दात	**७,७६१,६८३**	**५७,८८५,३७७**	**४९,७९९,२८०**	**२,४२३,०८५**	**२,४२३,०८५**	**७,३७६,५५३**	**१०,०६७,९८१**
वर्षको अन्त्यमा नगद तथा नगद मौज्दात	**५७,८८५,३७७**	**४९,७९९,२८०**	**२,४२३,०८५**	**३,४०७,३३७**	**७,३७६,५५१**	**१०,०६७,९८१**	**६,६३७,२९३**

१४.सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक (रु.)			अपरिष्कृत	प्रक्षेपित (रु.)**		
	आ.ब. २०७६/७७	आ.ब. २०७७/७८	आ.ब. २०७८/७९	आ.व. २०७९/८० को तेस्रो त्रैमास	आ.ब. २०७९/८०	आ.ब. २०८०/८१	आ.ब. २०८१/८२
चुक्ता पूँजी	२७५,१००,०००	३६०,४००,०००	४६०,४००,०००	५३२,२००,०००	५३२,२००,०००	९६७,५००,०००	९६७,५००,०००
जगेडा तथा कोषहरु	(४१४,५७०,२७४)	(४६३,५७६,१३९)	(५१०,८३७,४१७)	(४७२,४१०,७५२)	(४६३,५५८,९२१)	(४०९,९०४,४९१)	(३१६,४४७,७८४)
अन्य पूँजी	११२,४७८,३९१	४३६,९०२,६७६	४३९,३५०,३५८	३९८,५८८,९२२	४६२,२९८,४९९	४८६,७६३,२९९	५१३,९५१,३३९
जम्मा	**(२६,९९१,८८३)**	**३३३,७२६,५३७**	**३८८,९१२,९४१**	**४५८,३७८,१७०**	**५३०,९३९,५७८**	**१,०४४,३५८,८०८**	**१,१६५,००३,५५५**
घटाउने: अपलेखन गर्न बाँकी खर्च	–	–	–	–	–	–	–
जम्मा नेटवर्थ	**(२६,९९१,८८३)**	**३३३,७२६,५३७**	**३८८,९१२,९४१**	**४५८,३७८,१७०**	**५३०,९३९,५७८**	**१,०४४,३५८,८०८**	**१,१६५,००३,५५५**
शेयर संख्या	**२,७५१,०००**	**३,६०४,०००**	**४,६०४,०००**	**५,३२२,०००**	**५,३२२,०००**	**९,६७५,०००**	**९,६७५,०००**
प्रति शेयर नेटवर्थ (रु.)	**(९.८१)**	**९२.६०**	**८४.४७**	**८६.१३**	**९९.७६**	**१०७.९४**	**१२०.४१**
खुद नाफा/नोक्सान	**(६७,६६८,२९५)**	**(४९,००५,८६५)**	**(४८,२०८,६७३)**	**३८,४२६,६६५**	**६,५१७,०६१**	**५३,६५४,४३०**	**९३,४५६,७०७**
प्रति शेयर आम्दानी (रु.)	**(२४.६०)**	**(१३.६०)**	**(१०.४७)**	**७.२२**	**१.२२**	**५.५५**	**९.६६**
प्रति शेयर चुक्ता पूँजी (रु.)	**१००**	**१००**	**१००**	**१००**	**१००**	**१००**	**१००**
नेटवर्थमा औसत प्रतिफल (%)	–	**(१४.६८)**	**(१२.४०)**	**८.३८**	**१.२३**	**५.१४**	**८.०२**

** प्रक्षेपित वित्तीय विवरण विगत वर्षको आधारमा कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी प्रधान एण्ड शाक्य एसोसिएट्स, चार्टर्ड एकाउण्टेन्टस् बाट प्रमाणित गरिएको छ ।

कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरुः

१) कोभिड १९ को महामारीको प्रभावले विज्ञापन आम्दानी प्राप्ती रु. १०००/ CC बाट घटेर रु. ४००/CC सम्म पुगेकोमा बजार सुधार संगै क्रमशः रु. १००० नै पुऱ्याउने लक्ष्य राखिएको छ ।
२) कोभिड १९ को महामारी पछि पत्रिकाको ग्राहक शुल्कमा धेरै छुट दिइदै आएकोमा उक्त छुट रकम घटाउँदै जाने र प्रति अंक आम्दानी प्राप्ती बढाउँदै लैजाने लक्ष्य राखिएको छ ।
क) कम्पनीले छापिएको पत्रिकाको संख्या, बिकिबाट खुद आय प्राप्ति, जम्मा विज्ञापन बिकि (प्रति CC), औसत दर प्रति CC, प्राप्ति प्रति CC, खुद आय प्राप्ति, कुल बिक्री आम्दानी -

क्र.स.	पत्रिका	कुल पत्रिका छापिएको संख्या	प्रति पत्रिका मुल्य	खुद आय प्राप्ति (पत्रिका बिक्रि)	जम्मा विज्ञापन बिकि (CC मा)	औसत दर प्रति CC	प्राप्ति प्रति (CC)	खुद आय प्राप्ति (विज्ञापन बिक्रि)	कुल वार्षिक बिक्री आम्दानी
१	नागरिक	१,४६,००,०००	१०	६९,८८०,०००	४,७०,०००	१,०००	४००	१,८८,०००,०००	२५,७८,८०,०००
२	रिपब्लिका र द न्यूयोर्क टाइम्स	३३,७२,५००	२०	५१,९२९,०००	२२,०००	६८०	३००	६६,००,१६७	५८,५२९,१६७
३	अन्य बिकि	-	-	-	-	-	-		२२,६५,३६६

ख) कम्पनीले प्रकाशन गर्ने पत्रपत्रिकाको बिक्री तथा लागतको वृद्धिदर निम्न बमोजिम रहने अनुमान गरिएको छ ।

क्र.स.	विवरण	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२	आ.व. २०८२/०८३	आ.व. २०८३/०८४
१	**बिक्री विवरण**				
१.१	**ग्राहक संख्यामा वृद्धीदर**				
क	**नागरिक**				
	सदस्यता संख्यामा वृद्धीदर (प्रतिशतमा)	१२%	१२%	१५%	१५%
	सर्कुलेशन संख्यामा वृद्धीदर (प्रतिशतमा)	१२%	१२%	१५%	१५%
	विज्ञापनबाट हुने आयमा वृद्धीदर (प्रतिशतमा)	समान रहने	समान रहने	समान रहने	समान रहने
ख	**रिपब्लिका**				
	सदस्यता संख्यामा वृद्धीदर (प्रतिशतमा)	समान रहने	१०%	१३%	१३%
	सर्कुलेशन संख्यामा वृद्धीदर (प्रतिशतमा)	समान रहने	१२%	१५%	१५%
	विज्ञापनबाट हुने आयमा वृद्धीदर (प्रतिशतमा)	समान रहने	समान रहने	समान रहने	समान रहने
ग	**न्यूयोर्क टाइम्स**				
	सदस्यता संख्यामा वृद्धीदर (प्रतिशतमा)	(२८.५७%)	समान रहने	समान रहने	समान रहने
	सर्कुलेशन संख्यामा वृद्धीदर (प्रतिशतमा)	–	–	–	–
२	**लागत विवरण**				
क	**कच्चा पदार्थको लागतमा वृद्धिदर**				
	कागज	१०%	६%	६%	४%
	मसि	८%	४%	४%	२%
	केमिकल	८%	४%	४%	२%
	प्लेट	८%	४%	४%	२%

लागतको वृद्धिदर

प्रशासनिक खर्चः वृद्धि दर	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
अडिट शुल्क	–	१०%	१०%	१०%	१०%
विज्ञापन खर्च	१०%	१०%	१०%	१०%	१०%
वार्षिकोत्सव खर्च	१०%	१०%	१०%	१०%	१०%
अडिट खर्च	१०%	१०%	१०%	१०%	१०%
व्यापार प्रवर्द्धन खर्च	१०%	१०%	१०%	१०%	१०%
दान र उपहार	१०%	१०%	१०%	१०%	१०%
ढुवानी	१०%	१०%	१०%	१०%	१०%
तलब, ओभरटाइम,ज्याला र भत्ताहरु	–	१२%	२०%	१०%	१०%
दशै भत्ता	–	२०%	२०%	५%	५%
विजुली र पानी आपूर्ति	१०%	१०%	१०%	१०%	१०%
मनोरञ्जन र रिफ्रेसमेन्ट	१०%	१०%	१०%	१०%	१०%
जेनेरेटर खर्च	१०%	१०%	१०%	१०%	१०%
घर भाड़ा	१०%	१०%	१०%	१०%	१०%
बीमा प्रिमियम	–	१०%	१०%	१०%	१०%
विविध खर्च	१०%	१०%	१०%	१०%	१०%
हुलाक र कुरियर शुल्क	१०%	१०%	१०%	१०%	१०%
दर्ता र नवीकरणहरु	१०%	१०%	१०%	१०%	१०%
मर्मत र मर्मतसम्भार (भवन)	१०%	१०%	१०%	१०%	१०%
मर्मत र मर्मतसम्भार (फर्निचर र कार्यालय उपकरण)	१०%	१०%	१०%	१०%	१०%
मर्मत र मर्मतसम्भार (सवारी साधनहरु)	१०%	१०%	१०%	१०%	१०%
सुरक्षा र सफाई	१०%	१०%	१०%	१०%	१०%
कर्मचारी कल्याण खर्च	१०%	१०%	१०%	१०%	१०%
स्टेशनरी र मुद्रण	१०%	१०%	१०%	१०%	१०%
टेलिफोन र फ्याक्स खर्च	१०%	१०%	१०%	१०%	१०%
भ्रमण र यात्रा	१०%	१०%	१०%	१०%	१०%
सवारी साधान चलाउने खर्च	१०%	१०%	१०%	१०%	१०%

बिक्री र वितरण खर्चः वृद्धि दर	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
तलब, ओभरटाइम,ज्याला र भत्ताहरु	–	१५%	१५%	१५%	१५%
पत्रपत्रिका पठाइयो(सडक)	१०%	१५%	१०%	१०%	१०%
पत्रपत्रिका पठाइयो(हवाई)	१०%	१५%	१०%	१०%	१०%
सदस्यता योजना खर्च	१०%	५०%	२०%	२०%	२०%
योजना उपहार खर्च	१०%	५०%	२०%	२०%	२०%

अन्य प्रत्यक्ष खर्चः वृद्धि दर	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
विजुली र पानी शुल्क	१०%	५०%	१०%	१०%	१०%
जेनेरेटर खर्च	१०%	५०%	१०%	१०%	१०%
मर्मत र मर्मतसम्भार (मेसिनरी)	१०%	५०%	१०%	१०%	१०%
विविध प्रेस खर्च	१०%	५०%	१०%	१०%	१०%
भाडा/ढुवानी खर्च	१०%	५०%	१०%	१०%	१०%
लेख परिश्रमिक-नागरिक	–	३०%	३०%	३०%	३०%
लेख परिश्रमिक- रिपब्लिका	–	५%	५%	५%	५%
इन्टरनेट, एजेन्सी र डिजिटल मार्केटिङ शुल्क	१०%	५%	५%	५%	५%
स्ट्रिङर परिश्रमिक	१०%	५०%	१०%	१०%	१०%
पत्रिका छाप्ने खर्च	१०%	३०%	३०%	३०%	३०%
प्रत्यक्ष कर्मचारी खर्च	-	२५%	२५%	२५%	२५%

घ) कम्पनीले दास्रो वर्षबाट अन्य कम्पनीबाट विशिष्ठकृत छपाई कार्य गर्ने सम्झौता गर्ने छ र उक्त कार्य वापत कम्पनीलाई कूल नाफा (लागत घटाए पश्चात) दोस्रो वर्ष रु.५० लाख हुने छ र उक्त नाफामा औसत १० प्रतिशतले वृद्धि हुने छ ।
ङ) आ.व. २०७८।७९ मा बैना भएको जग्गा आ.व. २०७९।८० मा बिक्री गरी कम्पनीले कुल रु.४.५४ करोडमा बिक्री गरि सो रकम बैंक दाखिला गरिएको छ ।

जग्गा रहेको स्थान	जग्गा बिक्री गर्ने सम्बन्धी संचालक समितिको निर्णय	जग्गाको क्षेत्रफल	रकम प्राप्त मिति
मोरङ्ग, कन्चनबारी - १	२०७९.०३.२०	०-१०-१७.२५	उक्त जग्गा मिति २०७९/०७/०२ मा राजिनामा पास गरी बिक्री वापत मिति २०७९/०६/३१ सम्म सम्पूर्ण रकम प्राप्त भइसकेको ।

(च) कम्पनीले दोस्रो वर्षबाट सभा तथा सम्मेलन गर्ने वा सहजिकरण सेवा प्रदान गर्ने छ र उक्त कार्य बापत कम्पनीलाई कूल नाफा (लागत घटाए पश्चात) दोस्रो वर्ष रु.२ करोड हुनेछ र उक्त नाफामा दोस्रो वर्षमा औसत ७.५ प्रतिशतले वृद्धि हुने र त्यस पश्चात् औसत ५ प्रतिशतले वृद्धि हुन अनुमान गरि प्रक्षेपण गरिएको छ ।
(छ) कम्पनीले चैथो वर्षको चैथो महिनामा २०,००० वर्ग फिट योग्य क्षेत्रफल हुने अत्याधुनिक प्रविधियुक्त मिडिया हब निर्माणको कार्य समाप्त गर्ने छ र सो मिडिया हब बाहालमा लगाएर प्रति वर्ग फिट रु. ३०० को दरले आम्दानी गर्ने छ र सो दरमा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान गरि प्रक्षेपण गरिएको छ ।
३) कम्पनीले सम्पत्ति, प्लाण्ट तथा मेसिनरी तथा अमूर्त सम्पत्ति आगामी पाँच वर्षमा निम्न बमोजिम लगानी थप गर्ने प्रक्षेपण गरिएको छ ।

क्र.श	सम्पत्ति	आ.व २०७९।८०	आ.व २०८०।८१	आ.व २०८१।८२	आ.व २०८२।८३	आ.व २०८३।८४	कुल	कैफियत
१.	छपाई केन्द्र स्थानतरण गर्न तथा आवश्यक संरचना निर्माण गर्न	-	४०,०००,०००	-	-	-	४०,०००,०००	मिडिया हब निर्माण कार्य शुरु भए पश्चात हाल विद्यमान छपाई केन्द्र स्थानान्तरण गर्ने
२	लीज होल्ड सम्पत्ति	-	-	१०,०००,०००	१५,०००,०००	-	२५,०००,०००	नयाँ छपाई केन्द्र स्थापना गर्न तथा पुराना सम्पत्ति प्रतिस्थापना गर्न
३	फर्निचर फिक्स्चर र कार्यालय उपकरण	–	-	५,०००,०००	७,५००,०००	-	१२,५००,०००	पुरानो सम्पत्ति प्रतिस्थापना गर्न
४	सभा तथा सम्मेलन गर्ने वा सहजिकरण सेवा प्रदान गर्न सम्पत्ति खरिद	-	१८,०००,०००	-	-	-	१८,०००,०००	सभा तथा समारोह सन्चालन गर्न आवश्यक यन्त्र खरिद गर्न ।
५	हालको सम्पत्तिको स्तरवृद्धि	-	७,०००,०००			-	७,०००,०००	उपकरण तथा भवनहरुको मर्मत सम्भारहरु गर्ने ।
६	अन्य सम्पत्ति	-	-	२०,०००,०००	–	-	२०,०००,०००	सभा तथा समारोह सन्चालन गर्न आवश्यक यन्त्र खरिद तथा विशिष्ठकृत छपाई कार्य गर्न हालको मेसिनको स्तरवृद्धि गर्न
७	मिडिया हब	-	६५,०००,०००	७०,०००,०००	२०,०००,०००	-	१५५,०००,०००	निष्काशन पश्चात पहिलो वर्षमा निर्माण कार्य शुरु भई, चौथो आर्थिक वर्ष सम्ममा कुल क्षेत्रफल ३०,००० वर्ग फुटको आवश्यक उपकरण सहित अत्याधुनिक भवनको निर्माण कार्य सम्पन्न हुने ।
८	अमूर्त सम्पत्ति	–	–	–	१०,०००,०००	-	१०,०००,०००	पुरानो सम्पत्ति प्रतिस्थापना गर्न
	जम्मा	–	**१३०,०००,०००**	**१०५,०००,०००**	**५२,५००,०००**	–	**२८७,५००,०००**	

४) कम्पनीलाई आवश्यक ४ महिना बराबरको कच्चा पदार्थको मौज्दात राखिने अनुमान गरिएको छ ।
५) आ.व.२०७८।७९ को विज्ञापन बिक्रीको प्राप्य आगामी दुई वर्षमा उठ्ने तथा circulation बिक्रीको प्राप्य आगामी चार आर्थिक वर्ष भित्रमा उठ्ने अनुमान गरि प्रक्षेपण गरिएको छ । विज्ञापन बिक्रीको आसामी अधिकतम ४ महिना भित्र उठाउने र सोहि अनुरुप आगामी आर्थिक वर्षको प्राप्यको अनुमान गरि प्रक्षेपण गरिएको छ ।
६) छोटो अवधिको तिर्न बाँकी दायित्व तेस्रो वर्षमा चुक्ता गर्ने र दिर्घकालिन अवधिको तिर्न बाँकी दायित्व चौथो वर्षमा चुक्ता गर्ने अनुमान गरिएको छ र आवश्यक रकम ओभरड्राफ्ट कर्जाबाट पूर्ती गर्ने अनुमान गरिएको छ ।
७) सम्पत्तिको पुनर्मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण : कम्पनीले आफ्नो सम्पत्तिको (जग्गा तथा भवन) मूल्याङ्कन लेखामान सिद्धान्त (NFRS) बमोजिम आधिकारिक भ्यालुएटरको मूल्याङ्कन आधारमा लेखाङ्कन गरिएको छ । सोही बमोजिम प्रक्षेपित वित्तीय विवरणमा पुनर्मूल्यांकन वापत हरेक वर्ष थपघट हुने रकमको निम्नबमोजिम प्रक्षेपण गरिएको छ :

विवरण	२०७९।८०	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८३।८४
पुनर्मूल्यांकन लाभ थप	६३,७०९,५७८	२४,४६४,८००	२७,१८८,०४०	२८,५४७,४४२	२९,९७४,८१४
बिक्री समायोजन (घट)*	(४०,७६१,४३६)				
कुल थप/ (घट)	**२२,९४८,१४२**	**२४,४६४,८००**	**२७,१८८,०४०**	**२८,५४७,४४२**	**२९,९७४,८१४**

*माथि उल्लेखित २(ङ) मा प्रस्तुत भए बमोजिमको जग्गा बिक्रीको पुनर्मूल्याकन लाभ बिक्री पश्चात समायोजन गरिएको हो ।

१५. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्बन्धी विवरण :

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

क्र. सं.	कर्मचारी को नाम	पद	योग्यता	नियुक्ति मिति	शेयर संख्या	कार्यानुभव
१.	सम्बृद्धि ज्ञवाली	प्रमुख कार्यकारी अधिकृत	Master of Management	२०६९/१०/०१	१०००	• नेपाल रिपब्लिक मिडिया लि. मा प्रमुख कार्यकारी अधिकृत - फेब्रुअरी २०१३ देखि हालसम्म • फेब्रुअरी २०११-१२ सम्म सिड्नी अष्ट्रेलियामा Deloitte मा एसोसियट्श • जुन २०१३ देखि हालसम्म Media Alliance, नेपाल को बोर्ड सदस्य, • जनवरी २०१६ देखि हालसम्म Entrepreneurs' Organization, Nepal मा आवद्ध रहदे २२/२३ को EO President रहि कार्य गर्नु भएको छ।
२.	गुणराज लुईटेल	प्रधान सम्पादक	MA Jornalism /MA Sociology	२०७२/०२/१२	छैन।	• विगत २५ वर्षदेखी नेपाली पत्रकारीताको अग्रपंक्तिमा काम गरेको अनुभव रहेको, साथै भष्ट्राचार, माओवादी युद्ध, राष्ट्रिय र अन्तराष्ट्रिय राजनिती सम्बन्धी विषयको पारखी तथा राष्ट्रिय पुरस्कारले सम्मानित समेत रहनुभएको छ। • नागरिक राष्ट्रिय दैनीकमा प्रधान सम्पादक पदमा मे २०१५ देखी हालसम्म कार्यरत • नागरिक दैनिकमा सह- सम्पादकको पदमा अगस्ट २०१२ देखी डिसेम्बर २०१३ सम्म तथा नागरिक पश्चिमेली सम्पादकको रुपमा अप्रिल देखी अगस्ट २०१२ सम्म कार्यरत रहेको। • उहाँ संग विभिन्न मिडियाको प्रिन्ट तथा डिजिटल पत्रकारीताको उत्कृष्ट अनुभव रहेको छ। केहि मिडिया कार्य अनुभव यस प्रकार रहेका छन् – सेतोपाटी डट कम मा प्रमुख लेखकको पदमा जुलाई २०१४ देखी मे २०१५ सम्म – अन्नपुर्ण पोष्ट मा प्रधान सम्पादक पदमा अप्रिल २०१३ देखी जुलाई २०१४ सम्म – अन्नपुर्ण पोस्टमा कार्यकारी सम्पादक पदमा अप्रिल २०११ देखी अप्रिल २०१२ सम्म साथै कान्तीपुरमा समाचार सम्पादक पदमा नोभेम्बर २००३ देखी अगस्ट सम्मको कार्यकाल रहेको।
३.	अनील बास्कोटा	मार्केटिङ प्रमुख	Bachelor in Commerce	२०७४/०१/११	छैन।	• करीब ३० वर्षको मिडिया मार्केटीङ्गमा अनुभव रहेको छ। • नेपाल रिपब्लिक मिडिया लि.को मार्केटीङ्ग प्रमुखको पदमा २४ अप्रिल २०१७ देखी हालसम्म • नेपाल रिपब्लिक मिडिया को मार्केटीङ्ग म्यानेजरको पदमा २००८-२०१२ सम्म • रेडीयो अन्नपुर्ण मिडिया नेटवर्क प्रा.ली मा प्रमुख मार्केटीङ्ग अधिकारीको रुपमा २०१५-२०१७ सम्म र अन्नपुर्ण मिडिया नेटवर्क प्रा.ली मा २०१२-२०१५ सम्म • कान्तीपुर पब्लीकेशनमा सहायक प्रबन्धक को रुपमा १९९३-२००७ सम्म रहेको छ।
४.	रविन दास मानन्धर (रविन सायमी)	आर्ट ऐडिटर	IFA	२०६५/०७/०५	छैन।	• करीब ३२ वर्षको मिडिया सेक्टरमा अनुभव रहेको। • नेपाल रिपब्लिक मिडिया लि.मा आर्ट ऐडिटर पदमा २०६५/०७/०५ देखि हालसम्म • हिमाल खबरमा १९९७-२००७, • जनआस्था साप्ताहिक मा १९९२-१९९७, • सन्ध्या टाईम्स नेपाल भाषा दैनिक मा १९९०-१९९२ रहेको छ। • युनाइटेड नेसन मिसन इन नेपाल, हेफर इन्टरनेसनल, नेसनल फोरम एगेन्सट कासट बेस डिसक्रिमिनेसन, नेपाल वाटर फर हेल्थ, सेभ द चिल्ड्रेन, वाइल्ड लाईफ वाच ग्रुप, युनाइटेड नेसन चिल्ड्रेन्स फण्ड, अकसफाम नेपाल, केयर नेपाल, इनटरनेसनल लेबर अर्गानाइजेसन र रेड क्रस नेपालहरुसंग पनि कार्य गरेको अनुभव रहेको छ।
५.	मदन अर्याल	सर्कुलेसन प्रमुख	M.A. Economics	२०६५/०६/०१	छैन।	• नेपाल रिपब्लिक मिडिया लि.मा सर्कुलेसन प्रमुखको पदमा २०६५/०६/०१ देखि हालसम्म कार्यरत • कान्तिपुर मा प्रशासक कार्यकारी पदमा २०५६-२०६५ सम्म कार्यरत • हाल उहाँ आंशिक रुपमा यस कम्पनीको कम्पनी सचिव समेतको जिम्मेवारी सम्हालि रहनु भएको छ।

१६. अन्तर्निहित जोखिम तथा सोमा व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

कम्पनीको अर्न्तनिहित जोखिमहरु निम्नअनुसार रहेका छन ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भइरहेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम न्यून रहेको ।
- १४ वर्ष अगाडि संचारगृह स्थापना गरि पूर्ण रुपमा संचालनमा रहेकाले वित्तीय जोखिम न्यून रहेको ।
- नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- छपाईका लागि आवश्यक मेसिनरी सामानहरु कोरिया, क्यानडा, जर्मनी, रुस र भारतबाट आयात गर्ने गरिएको छ भने पत्रिका छपाईको लागि आवश्यक कच्चा पदार्थ जस्तै न्यूजप्रिण्ट पेपर, प्लेट, मसी तथा अन्य सामानहरु भारत र चीनबाट आयात गर्ने गरिएको छ र सो कच्चा पदार्थका सामाग्रीहरुको अभावबाट हुने सेवा प्रदान सम्बन्धी जोखिमहरु ।
- पत्रपत्रिका छपाईको लागि आवश्यक कागजको अन्तराष्ट्रिय बजारमा मूल्य वृद्धिले पर्न सक्ने जोखिम ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- हाल विश्वभर देखिएको कोभिड १९ महामारी तथा यस्ता अप्रत्याशित रुपमा सृजना हुने विश्वव्यापी माहमारीको परिस्थितीको कारणले अर्थतन्त्रमा सृजना हुने जोखिमहरु ।
- समान किसिमको नयाँ संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धात्मक जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम : पूर्ण रुपमा संचालनमा रहेकाले सो जोखिम नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम : देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु : संस्थाले कारोबार संचालनको लागि सबै कानूनी प्रकृयाहरु पुरा गरी लिनुपर्ने इजाजत प्राप्त गरिसकेको हुँदा सो प्राप्त नगरेका कारणबाट संस्थाको कारोबारमा कुनै अवरोध पर्न सक्ने देखिएको छैन् ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- देशको आर्थिक अवस्थामा आउन सक्ने आर्थिक गिरावटका कारण हुन सक्ने आर्थिक जोखिमहरु ।
- अर्न्तराष्ट्रिय बजारमा हुने महामारी तथा आर्थिक मन्दीले पार्न सक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट शेयरको मूल्यमा असर पर्न सक्ने जोखिम रहेको

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव :
- यस कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०४/२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भएकोमा मिति २०७८/०३/०७ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आइरहेकोले सञ्चालन ईतिहासको अभाव नरहेको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- प्रविधि सम्बन्धी परिवर्तनबाट संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । प्रविधिलाई चुस्त दुरुस्त राख्न सफ्टवेयर तथा हार्डवेयरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने भएमा थप खर्च बढ्न सक्नेछ । साथै संस्थाले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

(ट) अन्य :
- प्राकृतिक प्रकोप तथा काबु बाहिरको परिस्थितिका कारणबाट हुन सक्ने जोखिमहरु ।
- देशको अस्थीर राजनैतिक स्थितिका कारण हुन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढाव बाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुनसक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । उद्योगका लागि आवश्यक पर्ने मूख्य कच्चा पदार्थ कागज तथा मसी न्यूनतम पनि दुई महिनाको लागि आवश्यक मौज्दात कायम रहने गरी दैनिक कार्य सञ्चालन गर्ने गरिएको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको छ । साथै, अन्य किसिमका जोखिमहरु भईपरेमा जोखिम न्युनिकरणका उपायहरुको अवलोकन तथा अध्ययन गरी सोहि अनुरुप उपयुक्त व्यवसायिक रणनीति अनुशरण गरि८ गर्दैजाने र पाठकको रुची अनुरुपका साथै जानकार नागरिक निर्माण गर्ने सामाग्री समाचार मार्फत पस्किने भएकोले पाठकको अत्यधिक माग हुने किसिमले संस्थाका प्रकाशनहरु प्रकाशित गर्ने लक्ष्य राखिएको छ । अत्याधिक खोजी गरिने पत्रिका हुने भएकोले विज्ञापन बजार पनि हाम्रो प्रकाशनहरुमा आकर्षण हुने नै छ । विज्ञापन बजारको समेत आकर्षण हाम्रै प्रकाशनमा हुने भएकोले आर्थिक हिसाबले नेपाल रिपब्लिक मिडिया एक मजबुद कम्पनी हुनेछ । यस बाहेक हामी अत्याधुनिक प्रविधियुक्त मिडिया हबको निर्माण गरी संचालन गर्ने लक्ष्य रहेकोमा यसको समय मै कार्यान्वयन गर्ने छौं । नेपाली पत्रकारीताको क्षेत्रमा यो एक कोशेढुंगा साबित हुनेछ । यसको प्रयोग अन्य मिडिया, संघसंस्था तथा व्यक्तिहरुले समेत प्रयोग गर्ने भएकोले यो मिडिया हब पनि हाम्रो आर्थिक जोखिम न्यूनिकरण गर्ने अर्को माध्यम बन्नेछ । साथै आवश्यकता अनुसार अन्य सहायक मिडियाहरुको अन्य सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

- जोखिम र प्रतिफल बीच सन्तुलन ।
- अनुशासित र संयमित जोखिम वहन ।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।
- प्रविधिलाई थप सुरक्षित र आधुनिकिकरण ।
- दक्ष्य जनशक्तीको विकास ।
- सरकारले अवलम्बन गरेका स्वास्थ्य सम्बन्धी मापदण्डलाई कडाईका साथ पालना ।
- कम्पनीका भौतिक संरचनाहरु तथा मेशिनरी पाटपूर्जाहरु लगायत अन्य सम्पत्तिहरुको सम्भावित जोखिमलाई न्यूनिकरणका लागि बीमा सम्बन्धी व्यवस्था गरेको छ । यसका साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको औषधी उपचार तथा दुर्घटना बीमा गरिएको छ ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१७. धितोपत्र प्रत्याभुति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभुति गर्ने धितोपत्रको संख्या र रकम :

धितोपत्र प्रत्याभुति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभुति गर्ने धितोपत्रको संख्या र रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

क्र.सं.	नाम, ठेगाना	संख्या	रकम
१	लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं	२१,७६,५००	२१,७६,५०,०००/-
२	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं	१०,८८,२५०	१०,८८,२५,०००/-
३	सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाडौं	१०,८८,२५०	१०,८८,२५,०००/-
	जम्मा	४३,५३,०००	४३,५३,००,०००/-

१८. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्युन माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :

वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :
नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने ४३,५३,००० कित्ता धितोपत्रको १० प्रतिशले हुन आउने ४,३५,३०० कित्ता साधारण शेयरका लागि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन २०७९) मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समूहमा थप गरी जारी गरिने छ ।

सर्वसाधारण शेयरधनीहरु :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट साधारण शेयर खरीदका लागि शेयर संख्या भन्दा न्यून संख्यामा शेयर खरिदको माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ । त्यसैगरी शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः
शेयर बिक्री बन्द भए पश्चात् नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृति/अस्वीकृति भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यवस्था लागु नहुने ।

(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४" बमोजिम साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता भए पश्चात आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेका शेयर जम्मा/वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : हाल सम्म सूचिकरण भै नसकेको ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
निष्काशन गरिने साधारण शेयर हाल सम्म सूचिकरण भैनसकेकोले सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित)" बमोजिम बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरियरिङ्ग लिमिटेडको नियमानुसार शेयर सूचिकरण गराई धितोपत्रको कारोवार गर्ने व्यवस्था मिलाईनेछ ।

१९. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, जेडिए कम्प्लेक्स सुन्धारा काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं ।

२०. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, जेडिए कम्प्लेक्स, सुन्धारा काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मेगा क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय,साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ठ रकम "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी सि-आस्वा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम ५०० (पाँच सय) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

२१. आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरुः

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :
१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।
५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।
६. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केंद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।
८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।
   घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।
   ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   च. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर
१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।
११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।
१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।
१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम ५०० (पाँच सय) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

सर्वसाधारणको हकमा :
१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।
२. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।
३. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केंद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका,२०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
४. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।
५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
६. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
   क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत , सम्पर्क फोन नं., इमेल ।
   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
   च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम
   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।
७. आवेदकले आवेदन दिंदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।
८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।
९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।
१०. वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् । यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियमक निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१४. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम ५०० (पाँच सय) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।
१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

२२. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :
कम्पनीले आफ्नो जारी पूँजी रु.९६,७५,००,०००।-(अक्षरेपी छयानब्बे करोड पचहत्तर लाख रुपैयाँ) को ४४.९९२२ प्रतिशत शेयर अर्थात रु.४३,५३,००,०००।- (अक्षरेपी त्रिचालीस करोड त्रिपन्न लाख) बराबरको रु.१००।-अंकित दरको ४३,५३,००० (त्रिचालीस लाख त्रिपन्न हजार) कित्ता शेयर निष्काशन गरि प्राप्त रकम बैंकबाट लिइएको कर्जा चुक्ता गर्ने, नयाँ छपाई केन्द्र स्थापना गर्ने तथा पत्रकारको क्षमता तथा खोजमूलक पत्रकारिताको श्रोत साधनको वृद्धिमा उपयोग गरिनेछ । जसको विस्तृत विवरण निम्न अनुसार रहेको छ :

निष्काशनबाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र	छुट्याइएको रकम रु	कैफियत
अत्याधुनिक प्रविधियुक्त मिडिया हब निर्माण	२०,०००,०००	कुल ३०,००० वर्ग फिटको क्षेत्रफल भएको, उक्त हबको निर्माण पहिलो वर्ष शुरु भएर तेस्रो वर्ष निर्माण सम्पन्न हुने, थप लगानी कम्पनीको व्यवसायिक आम्दानीबाट हुने र तेस्रो वर्षबाट आम्दानीमा टेवा पुऱ्याउने । पहिलो वर्षमा आवश्यक अन्य थप लगानी कम्पनीले आन्तरिक श्रोतबाट व्यवस्था मिलाउने छ ।
पत्रकारको क्षमता तथा खोजमूलक पत्रकारिताको श्रोत साधनको वृद्धि र कम्पनी पुनर्संरचना गर्न	२५,०००,०००	१. समाचार कक्षलाई प्रविधिमैत्रि बनाउने । २.कार्यरत पत्रकारहरुको क्षमताको आधारमा जिम्मेवारी थप गर्ने र सोको आधारमा सुविधा सम्पन्न बनाउने । ३. हाल पुर्णरुपमा संचालन हुन नसकेका अँगहरुलाई संचालन गर्नको लागी मेसिन मर्मत, नयाँ कर्मचारी नियुक्ति, पुराना कर्मचारीको जिम्मेवारी थप अनुसारको पारिश्रमिक वृद्धि गर्ने, अफिस संरचना निर्माण लगायतका कार्य गर्ने । ४. नागरिक दैनिकलाई थप पठनिय बनाउनको लागी पाठकको रोजाई अनुसारको **भष्टाचार बिरुद्ध नागरिक** अभियानलाई थप सार्थक बनाउने उद्देश्यका साथ छुट्टै एक शसक्त ब्युरो बनाउने र सो को लागी केही नयाँ पत्रकारहरु नियुक्त गर्ने ।
छपाई केन्द्र स्थानतरण गर्न तथा आवश्यक संरचना निर्माण गर्न	४०,०००,०००	हाल इमाडोल स्थित रहेको छपाईकेन्द्र स्थानान्तरण गरी नयाँ छपाईकेन्द्र निर्माण गर्ने ।
सभा तथा सम्मेलन गर्ने वा सहजिकरण सेवा प्रदान गर्न सम्पत्ति खरिद	१८,०००,०००	भ्रष्ट्राचार बिरुद्ध नागरिक अभियानलाई थप शशक्त रुपले अगाडी लौजानको लागी पुर्ण क्षमतावान टिम निर्माण गर्नको लागी आवश्यक क्यामेरा, रेकर्डर लगायतका उपकरण खरिद गरी शशक्त जनशक्ति तयार गर्ने ।
हालको सम्पत्तिको स्तरवृद्धि	७,०००,०००	उपकरण तथा भवनहरुको मर्मत सम्भारहरु गर्ने ।
कर्जा भुक्तान गर्न	३०८,६४५,३०१	मेगा र नबिल बैंकमा रहेको कर्जाको आँशिक भुक्तानी गर्ने ।
कार्यशील पूँजीमा उपयोग	१६,६५४,६९९	निम्न तालिका बमोजिम
जम्मा	**४३५,३००,०००**	

नोट : माथि उल्लेखित कर्जा भुक्तान वापतको रकम रु. ३०८,६४५,३०१/- निम्न बमोजिम उपयोग गरिनेछ ।

क्र.सं.	बैंकको नाम	बैंकसँग लिएको कुल कर्जा रकम (रु.)	हालसम्म भुक्तान गरिएको कर्जा रकम	बाँकी कर्जा रकम (रु.)	सार्वजनिक निष्काशन पश्चात् तिरिने कर्जा रकम (रु.)	सार्वजनिक निष्काशन पश्चात् तिरिने कर्जा रकम पश्चात् बाँकी रहने कर्जा रकम (रु.)
१	नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड)	३८९,२९६,०४५/-	११८,७१७,३२५/-	२७०,५७८,७२०/-	२७०,५७८,७२०/-	-
२	नबिल बैंक लिमिटेड (साविकको नेपाल बंगलादेश बैंक)	१४९,३४१,०७८/-	९०,४२४,८९०/-	५८,९१६,१८८/-	३८,०६६,५८०/-	२०,८४९,६०७/-

माथि उल्लेखित निष्काशनबाट प्राप्त हुने कुल पूँजीको उपयोग अन्तर्गत कार्यशील पूँजीमा प्रयोग हुने रकमको गणनाको आधार निम्न बमोजिम रहेको छ :

विवरण	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
कुल कार्यशील पूँजी आवश्यकता	२८९,२६२,४९८	२३२,९९९,४६६	२२१,७९८,८२३	२४४,९९९,१३१	३१६,११७,६५९	३६९,२०२,९५०	४०८,२६०,१४३
कार्यशील पूँजी लगानीमा थप / (घट) आवश्यकता		(५६,२६३,०३१)	(११,२००,६४३)	२३,२००,३०८	७१,११८,५२८	५३,०८५,२९१	३९,०५७,१९२

कम्पनीको व्यवसाय वृद्धि अनुसार कार्यशील पूँजीमा आवश्यक थप लगानी माथि उल्लेख भए अनुसार निष्काशनबाट प्राप्त हुने रकमबाट पूर्ती गरी बाँकी रकम कम्पनीको व्यवसायिक नगद प्रवाह बाट जुटाउने प्रक्षेपण गरिएको छ ।

२३. निष्काशन बैंक (Bankers to the Issue) :

सि.नं.	निष्काशन बैंकको नाम	ठेगाना	रकम जम्मा हुने बैंक खाता नं.
१	नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड)	कमलादी, काठमाडौ ।	००१००१०६३८१६७

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस धितोपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२४. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौ र वेवसाइट : www.megacapitalmarkets.com
२.	नेपाल रिपब्लिक मिडिया लिमिटेड, जेडिए कम्प्लेक्स, सुन्धारा, काठमाण्डौ र वेवसाइट : www.nepalrepublicmedia.com
साथै विवरण पुस्तिका मेगा क्यापिटल मार्केट्स लिमिटेड, निष्काशनकर्ता कम्पनीमा वा नेपाल धितोपत्र बोर्डकोवेभसाईट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ ।	
दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :	
वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि :	
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।
सर्वसाधारण शेयरधनीहरुको हकमा :	
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

नोटः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।

२५. धितोपत्र बिक्री खुल्ला अवधि

यस विवरणपत्रद्वारा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

२६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् :

१. निष्काशनकर्ता कम्पनीको तर्फबाट
   नाम : माधवी थापा (मानव संसाधन अधिकृत)
   फोन नं.: ०१-४२६५१०० तथा इमेलः info@nagariknews.com
२. निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट
   नाम : मनिषा दाहाल (ईन्चार्ज - मर्चेन्ट बैकिङ्ग विभाग)
   फोन नं.: ०१-५३६२७९० तथा इमेलः info@megacapitalmarkets.com

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक

MEGA
CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
100% Subsidiary of Mega Bank Nepal Limited

मेगा क्यापिटल मार्केट्स लिमिटेड
साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१-५३६२७७२, ५३६२७७५
Email: info@megacapitalmarkets.com
Website: www.megacapitalmarkets.com